म.नि. प्र. का. दर्ता. : १७६/०६८, वर्ष ११, अंक १६४ शुक्रबार, ७ माघ २०७८ तृतीया ने. सं. ११४२ पोहलगा 21 January, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

जुवा खेलाउने गिरोह प्रहरी फन्दामा

काठमाडौं (रासस)/काठमाडौंको कीर्तिपुर नगरपालिकाका विभिन्न स्थानमा सम्पत्ति हारजित हुनेगरी अनलाइनमार्फत जुवा खेलाउने गरेको एउटा गिरोह प्रहरीको फन्दामा परेको छ ।

प्रहरीले उक्त गिरोहका १२ जनालाई पकाउ गरेको छ । महानगरीय अपराध महाशाखाको टोलीले कीर्तिपुर नगरपालिका-६ चोभार बाट अनलाइनमार्फत जुवा खेलाइरहेको अवस्थामा उनीहरुलाई पकाउ गरेको हो । पकाउ पर्नेमा काठमाडौंको कीर्तिपुर-६ चोभारका सुजेन्द्र थापा, सोही ठाउँका मनिष थापा, समीर थापा, कविता थापा, रविन खड्का, कीर्तिपुरकै बुद्ध महर्जन, रोजा महर्जन, साहिल महर्जन, हनिशा महर्जन, प्रदीपमान सिंह बस्नेत र रमादेवि श्रेष्ठ छन् । उनीहरुको साथबाट १७ थान मोबाइल, १४ थान ल्याप्टप्लगायत सामग्री बरामद गरिएको महाशाखाले जनाएको छ । पकाउ परेकालाई आवश्यक कार वाहीका लागि महानगरीय प्रहरी परिसर, काठमाडौंको बिरम्मा नगराएको छ । सुजेन्द्र थापा, प्रदीपमान सिंह बस्नेत र बुद्ध महर्जनले आवश्यक व्यवस्था गरी तीन घरमा २४ सै घण्टा अनलाइनमार्फत जुवा खेलाउन कर्मचारीसमेत राखेको खुलेको छ ।

राक्सिराङमा गाँजा 'अभिशाप'

साझाकुरा संवाददाता

हेटौंडा/पछिल्लो समय अवैध लागूऔषध गाँजालाई वैध बनाउनुपर्ने बहस चलिरहेको छ । गाँजा उत्पादनलाई खुल्ला बनाउनुपर्ने भन्दै संसदमा प्रस्ताव नै दर्ता भइसकेको छ ।

मकवानपुरबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएर स्वास्थ्य तथा जनसंख्यामन्त्री बनेका बिरोध खतिवडाले पटक पटक गाँजालाई वैध बनाउनुपर्छ भन्दै संसदमा आवाज उठाएकै छन् । तर उनले चुनाव जितेको उनकै निर्वाचन क्षेत्रमा पर्ने राक्सिराङ गाउँपालिकाको लागि भने गाँजा अभिशाप बनेको छ ।

राक्सिराङ गाउँपालिका सीमान्तकृत चेपाङ समुदायको बाहुल्य भएको र शिक्षा, स्वास्थ्य, रोजगारीसँगै विकासका आयामबाट टाढा रहेको ठाउँ। जसलाई मकवानपुरको कर्णाली भनेर पनि चिनिन्छ । उसो त राक्सिराङ गाउँपालिका गाँजा उत्पादन हुने ठाउँको रुपमा पनि नचिनिएको होइन । राक्सिराङमा गाँजा उत्पादन मात्रै हुँदैन, प्रहरीले दैनिकजसो गाँजासहित लागूऔषध ओसारपसार गर्नेलाई पकाने ठाउँ पनि हो ।

वर्षेनी सयौं प्रहरी परि चालन गरेर गाँजा फँडानी गर्दै आए पनि राक्सिराङमा न त उत्पादन रोकिएको छ न ओसार पसार गर्ने क्रममा पकाउ पर्नेहरुको संख्या नै घटेको छ । राक्सिराङका सीमित घरहरु बाहेक अधिकांश घरमा गाँजा दैनिक खाने साग-सब्जीको रूपमा लगाएको भेट्न सकिन्छ । त्यहाँको जमिनमा अन्य अन्नबाली देखियोस् नदेखियोस् गाँजा भने प्रशस्तै देख्न सकिन्छ । राक्सिराङमा जन्मने चेपाङ समुदायको बालबालिकारु गाँजासँगै लुटुपुटु गर्दै हुर्किन्छन् ।

अन्नबाली र सागपातको सट्टा गाँजा मात्रै उत्पादन भएको देख्दै हुर्किने त्यहाँका बालबालिकाका लागि पनि गाँजा उत्पादन र बेचबिखन पारिवारिक सिकाइ जस्तै बनेको छ । जसले गर्दा गाँजा राक्सिराङका चेपाङका लागि एउटा ठूलो रोग बन्न पुगेको छ । गाँजा उत्पादन र ओसारपसारले बिस्तारै गाउँपालिका भरिका युवादेखि वृद्धसम्मलाई कारागारको चार भित्ता भित्र कैदी बन्न पुऱ्याइरहेको छ ।

यस्तोमा खतिवडाले काठमाडौंमा बसेर गाँजालाई वैधानिक गर्न माग गरिरहँदा उनको निर्वाचन क्षेत्र रहेको राक्सिराङ गाँजाकै कारण रित्तिन लागिसकेको छ । त्यहाँ बेरोजगारी र भोकमरीका कारण २/४ हजार रुपैयाँको आशामा गाँजा ओसारपसार गर्न पुगेका भरियाहरू अहिले भीमफेदी कारागारमा कैदी जीवन बिताइरहेका छन् ।

गाउँपालिकाका अधिकांश पुरुष कोही कैदी जीवन बिताएर फर्किएका, कोही कारागारमा कैदी जीवन बिताइरहेका त कोही फरार छन् । राक्सिराङको चेपाङ समुदायका लागि कोरोना महामारीभन्दा पनि गाँजाको महामारी बढी घातक बन्दै गएको छ । जिल्ला प्रहरी कार्यालय मकवानपुरले वर्षेनि सयौं प्रहरी परि चालन गरेर राक्सिराङ र कैलास गाउँपालिकाको गाँजा तथा अफिम खेती नष्ट गर्दै आएको छ ।

तैपनि प्रहरीको गाँजा फडानी अभियान एउटा अभियानमा मात्रै सीमित भएको छ । प्रहरीले गाँजा फडानी गरे पनि त्यसले न उत्पादन घटाएको छ न यसको बेचबिखन नै ।

राक्सिराङ गाउँपालिका-३ मा गाँजा उत्पादन गर्दै आएका किसानहरु आफूहरुलाई सम्बन्धित निकायले गाँजाको विकल्प नदिएको बताउँछन् । नाम नबताउने शर्तमा एक महिला किसानले भनिन्, 'गाउँको यसो मान्छे जेल परेको देख्दादेख्दै हामीलाई गाँजा नै लगाउने रहर भएको होइन । यहाँ अरु अन्नबाली उत्पादन हुँदैन, प्रहरीले गाँजा नष्ट गर्छ विकल्प दिँदैन ।'

वर्षमा ६ महिना आफूहरु भोकमरीको चपेटामा पर्ने गरेको भन्दै उनले गाँजा उत्पादन गरेर बेच्दा खानलाई चामल किन्ने पैसा आउने बताइन् । सरकारले गाँजाको विकल्पमा अन्य बाली लगाउने उपाय र सहयोग गरिदिए आफूहरु गाँजा उत्पादन गर्न छोड्न तयार रहेको उनको भनाइ छ । आफूहरुले दुःख गरेर लगाएको गाँजा प्रहरीले वर्षेनि फँडानी गरेर हातमुख जोड्ने समस्या पार्ने गरेको उनले गुनासो गरिन् ।

राक्सिराङ गाउँपालिकाका अध्यक्ष राजकुमार मल्ल गाँजाको उत्पादन र ओसारपसार गाउँपालिकाका लागि अभिशाप बनेको बताउँछन् । गाउँपालिकाका अधिकांश युवा गाँजा ओसारपसार मुद्दामा कार ण्गरमा सजाय काटिरहेको भन्दै यसलाई नियन्त्रण गर्न आफूहरुले यसलाई सेवा सुविधा पनि नपुगेकाले सबै कुरा व्यवस्थापन गर्दै जाँदा गाँजा उत्पादनलाई नियन्त्रण गर्न आफूहरूले प्रभावकारी रूपमा काम गर्न नसकेको स्विकारे । मल्लले भने, 'राक्सिराङको ठूलो समस्याको रूपमा गाँजा रहेको छ तर हामीले अहिले बाटोलाई प्राथमिकता दिनुपर्‍यो जसले गर्दा यसको न्यूनीकरणमा सोचेजति काम गर्न सकेनौं ।'

उनले गाउँपालिकामा बाटो नबनेकाले शिक्षा र स्वास्थ्य जस्तो सेवा पनि नपुगेकाले आफूहरुले बाटो निर्माणलाई प्राथमिकता दिएको भन्दै गाँजाको समस्या न्यूनीकरण गर्न बेरोजगारी हटाउने पहल पनि भएको बताए ।

पाँच वर्षमा १ हजार ७८ जना पक्राउ

हेटौंडा/जिल्ला प्रहरी कार्यालय मकवानपुरको तथ्यांक अनुसार पाँच वर्ष अवधिमा लागूऔषध ओसारपसार कारोबार गर्ने १ हजार ७८ जना पकाउ परेका छन् ।

मकवानपुर प्रहरीले आर्थिक वर्ष २०७२/७४ मा २ सय ३, आव २०७४/७५ मा २ सय ३७, आव २०७५/०७६ मा २ सय ६, आव २०७६/०७७ मा १ सय ८७ आव २०७७/०७८ मा १ सय ५१ र चालु आव २०७८/०७९ को पुस मसान्त सम्म १४ जनालाई लागूऔषधसहित पकाउ गरेको तथ्यांकमा उल्लेख छ ।

पकाउ परेका मध्ये १ सय ६ भारतीय र ९ सय ७२ जना नेपाली नागरिक रहेको प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक जयश्वर रि मालले जानकारी दिए । अवैध लागूऔषध गाँजा उत्पादनसँगै, ओसारपसार हुने जिल्लाका रुपमा मानिने मकवानपुरमा प्रहरीले लागूऔषध नियन्त्रणका प्रमुख योजना बनाउने गरेको उनले बताए । 'लागूऔषधसहित पकाउ पर्ने यो संख्या धेरै हो ।' उनले भने, 'पकाउ पर्नेको वर्षेनी घटबढ देखिएपनि न्यूनीकरण भने भएको छैन ।'

प्रहरीले लागूऔषध नियन्त्रणका लागि केन्द्रीय कार्यालयको निर्देशन अनुसार वर्षेनी गाँजा खेती फडानी र नष्ट गर्ने गरेको छ । तर, फडानी अनुसार नियन्त्रण भएको पाइँदैन ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरको तथ्यांकअनुसार विगत पाँच वर्षमा ३ हजार ४५ विगाह ४३ कठ्ठामा लगाएको गाँजा फडानी र नष्ट गरेको हो । प्रहरीले आव २०७२/०७३ मा ८ सय ५८ विगाह ९ कठ्ठा १० धुर, आव २०७३/०७४ मा ४ सय १५ विगाह ६ कठ्ठा ९ धुर, आव २०७४/०७५ मा ३ सय ९४ विगाह ९ कठ्ठा, आव २०७५/०७६ मा ३ सय ४२ विगाह २ कठ्ठा, २०७६/०७७ मा ५ सय ६३ विगाह १ कठ्ठा, चालु २०७७/०७८ मा ४ सय ६२ विगाह १ कठ्ठा र चालु आव २०७८/०७९ को पुस मसान्तसम्म १ सय ११ विगाह ५ कठ्ठामा लगाएको गाँजा फँडानी गरेर नष्ट गरिएको छ ।

पोखरामा फुटबलर अञ्जनलाई सम्मान

साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडेनी युवा फुटबलर अञ्जन बिष्टले पोखरामा सर्वोत्कृष्ट राष्ट्रिय फुटबल खेलाडी सम्मान २०७८ प्राप्त गरेका छन् ।

राष्ट्रिय टोलीका फरवार्ड तथा मनाङ-मर्स्याङ्दी क्लबका कप्तान समेत रहेका बिष्टलाई सहारा क्लब पोखराले उनलाई बिहीबार आहा रारा गोल्ड कप फुटबल प्रतियोतिगाको उद्घाटन समारोहमा सम्मान गरेको हो । उनलाई सम्मान पत्र, ३५ हजार रुपैयाँ र दोसल्ला ओढाएर सम्मान गरिएको हो ।

सहाराले पछिल्लो केहि वर्षयता यता राष्ट्रिय टोलीबाट योगदान पुऱ्याउने एक खेलाडीलाई सम्मान गर्दै आएको छ । अञ्जन पछिल्ले ८ वर्देखि राष्ट्रिय टोलीको महत्वपूर्ण सदस्य रहँदै आएका छन् । उनी २०७२ सालमा साफ यु १९ च्याम्पियन बन्दा टोलीका सदस्य थिए ।

अञ्जनले राष्ट्रिय टोलीले २०७२ मै बंगबन्धु गोल्ड कपको उपाधि जित्दा र सोही वर्ष यु-२३ टोलीले १२ औं दक्षिण एसियाली खेलकुद (साग) मा स्वर्ण पदक जित्दा उनी टोलीका सदस्य थिए । नेपालले २०७३ मा सोलिडारिटी कप जित्दा पनि उनी टोलीमा थिए ।

अत्यावश्यक बाहेकका सेवा बन्द

चितवन (रासस)/ जिल्ला प्रशासन कार्यालयले यही माघ ७ गतेदेखि १४ गतेसम्म अत्यावश्यक बाहेकका सेवा बन्द गर्ने भएको छ । शुक्रबारदेखि लागु हुने यरी शान्ति, सुरक्षा र मुरासम्बन्धी अत्यावश्यक बाहेकका सबै सेवा रोकिने जनाएको छ । प्रमुख जिल्ला अधिकारी आस्माल तामाङद्वारा जारी जरुरी सूचनामा कार्यालयमा कार्यरत विभिन्न फोटका कर्मचारी कोभिड-१९ बाट संक्रमित भई उपचाररत तथा आइसोलेशनमा रहेकाले सेवा स्थगन गरिएको उल्लेख गरिएको छ ।

सहायक प्रमुख जिल्ला अधिकारी चीरञ्जीवी शर्माले तीन कर्मचारीमा कोरोना संक्रमण देखिएको र अन्य केहीको परिवार का सदस्यहरुमा कोभिड-१९ को संक्रमण देखिएकाले उनीहरु आइसोलेशनमा रहेको जानकारी दिए । नागरिकता जारी गर्ने, राहदानी, संस्था नवीकरणलगायत नियमित काम माघ १४ गतेसम्म रोकिने भएका छन् ।

जिल्ला : मकवानपुर
हेटौंडा उपमहा नगरपालिका
वडा नं. १



घडेरी बिक्रीमा

plot no.	plot Area	plot no.	plot Area	Remark
1	0-1-17.5	44	0-0-9.25	
2	0-0-12	45	0-0-9.25	
3	0-0-8.5	46	0-0-9.25	
4	0-0-9.75	47	0-0-9.25	
5	0-0-10	48	0-0-9.25	
6	0-0-9.75	49	0-0-9.25	
7	0-0-12.5	50	0-0-9.25	
8	0-0-12	51	0-0-9.25	
9	0-0-9.5	52	0-0-9.25	
10	0-0-8.75	53	0-0-9.25	
11	0-0-11.25	54	0-0-9.25	
12	0-0-9.5	55	0-0-11.75	
13	0-0-9.5	56	0-1-3	
14	0-0-11	57	0-0-9.25	
15	0-0-12.5	58	0-0-9.75	
16	0-0-14	59	0-0-10	
17	0-0-9.5	60	0-0-10.5	
18	0-0-10	61	0-0-10.5	
19	0-0-10.75	62	0-0-10.5	
20	0-0-10.75	63	0-0-10.5	
21	0-0-11	64	0-0-11	
22	0-0-10.25	65	0-0-12.75	
23	0-0-9.5	66	0-0-12.75	
24	0-0-10	67	0-0-9	
25	0-0-9.25	68	0-0-8.25	
26	0-0-9.25	69	0-0-7	
27	0-0-9.25	70	0-0-8.25	
28	0-0-9.25	71	0-0-8.25	
29	0-0-9.25	72	0-0-9	
30	0-0-9.25	73	0-0-10	
31	0-0-9.25	74	0-0-8.5	
32	0-0-9.25	75	0-0-9.75	
33	0-0-10.75	76	0-0-9.25	
34	0-0-10	77	0-0-9	
35	0-0-10.25	78	0-0-9.75	
36	0-0-9.5	79	0-2-12	Open space
37	0-0-9.25	80	0-8-11	Road area
38	0-0-9.25			
39	0-0-9.25	1a	0-0-11.5	
40	0-0-9.25	1b	0-0-8.75	
41	0-0-9.25	1c	0-0-10	
42	0-0-9.25	56a	0-0-9.25	
43	0-0-9.25	56b	0-0-9.75	

सम्पर्क नं.: ९८४५१०३६६३
९८११८९५४६२
अफिस:
रिगल हेटौंडा रिसोर्ट

साझाकुरा

हाम्रो कुरा

स्तनपानको महत्व

अझै पनि महिलामा चेतनाको कमीले गर्दा कम दूध आउँदैमा नचुसाई अरु सुत्केरीलाई चुसाउन लगाउने, दिनमा ३ वा ४ पटकमात्र स्तनपान गराउने, दूध कम आए बोतलको दूध वा अन्य लेक्टोजिनजस्ता कृत्रिम तयारी दुग्ध पदार्थ ख्वाउने चलन बढ्दै गएको छ । यसवर्ष 'स्तनपान : जीवनको आधार' भन्ने नाराका साथ विश्व स्तनपान सप्ताह मनाइँदैछ । स्तनपान सप्ताहका क्रममा जन्मिएको ६ महिनासम्म शिशुलाई अनिवार्य आमाको दूध खुवाउनुपर्छ भन्ने सन्देश प्रवाह गर्ने गरिएको छ ।

जन्मिसकेपछि यथाशीघ्र स्तनपान गर्न पाउनु प्रत्येक नवजात शिशुको नैसर्गिक अधिकार हो । बच्चालाई २ वर्षसम्म निरन्तर आमाको दूध खुवाए उनीहरुको बौद्धिक र शारीरिक विकास हुनुका साथै स्वस्थ हुने चिकित्सकहरुको भनाइ छ । ६ महिनामुनिका शिशुलाई आवश्यक पर्ने सम्पूर्ण पौष्टिक तत्व आमाको दूधमै पर्याप्त हुने देखिए पनि चेतना अभावले शिशुहरु आमाको दूध खान वञ्चित भइरहेका छन् । शिशुलाई २४ घण्टामा ८ देखि १० पटकसम्म अनिवार्य स्तनपान गराउनुपर्दछ । आमाको दूधमा रोगसँग लड्ने क्षमता भएका कारण पहिलो खोप मानिन्छ । शिशुलाई पूर्ण स्तनपान नगराउँदा कुपोषणको समस्या पनि देखिने गरेको छ । स्तनपान गराउनुपर्छ भन्ने ज्ञान हुनेहरुले पनि कृत्रिम दूध खुवाउने प्रचलन बढ्दै गएको छ । नेपाल जनसांख्यिक स्वास्थ्य सर्वेक्षण २०१६ को प्रतिवेदनअनुसार ५ वर्षमुनिका बालबालिकामध्ये ३६ प्रतिशतमा पुड्कोपना, १० प्रतिशतमा उचाइअनुसार दुब्लोपना, २७ प्रतिशतमा उमेरअनुसार कम तौल र २४ प्रतिशत जन्मँदा कम तौल भएका हुने गर्छन् । नेपालमा अझै पनि ३७ प्रतिशत शिशु आमाको दूध खानबाट वञ्चित रहने गरेका छन् । तथ्यांकअनुसार शिशु जन्मेको एक घण्टाभित्र स्तनपान

गराउनेको संख्या ४९ प्रतिशतमात्र छ । बच्चा जन्मिएको आधा घण्टाभित्र स्तनपान सुरु गरिसक्नु पर्ने चिकित्सकहरुले सुझाव दिएका छन् । स्तनपानको अभावमा बच्चामा ख्याउटेपनको समस्यामात्रै होइन, विभिन्न रोगको संक्रमण हुने खतरा पनि प्रबल देखिने गरेको छ । मुलुकमा शिशु तथा बाल मृत्युदर उल्लेख्यरुपमा घटे पनि सहस्राब्दी विकास लक्ष्यअनुरुप अझै पूरा हुन सकेको छैन । स्तनपानलाई शिशु तथा बाल मृत्युदर घटाउने प्रमुख उपाय मानिएको छ । बच्चा जन्मेको एक घण्टादेखि ६ महिनासम्म लगातार आमाको दूध खुवाएमा शिशु मृत्युदर १३ प्रतिशतसम्म घट्ने बताइएको छ । दुई वर्षसम्म पोसिलो खानेकुरासँगै स्तनपान गराउने हो भने प्रत्येक वर्ष आठ लाख बालबालिकाको जीवनरक्षा गर्न सकिने विश्व स्वास्थ्य संगठनले दाबी गरेको छ । स्वास्थ्य बिग्रन्छ भन्ने गलत मान्यताले कतिपय महिलाले आफ्ना बच्चालाई स्तनपान गराउँदैनन् । तर, नियमित स्तनपान गराउँदा आमाको शरीर फूर्तिलो बन्नुका साथै विभिन्न प्रकारका क्यान्सरबाट बच्न सकिने अध्ययनले देखाएको छ । त्यसैले, स्तनपानलाई अपरिहार्य आवश्यकताका रुपमा सबैले आत्मसात् गर्नु आवश्यक देखिएको छ ।

महत्वपूर्ण टेलिफोन नम्बरहरु

मक्वानपुर प्रहरी	
प्रहरी कन्ट्रोल:	१००
जिल्ला ट्राफिक:	५२०५९९
बडा प्रहरी:	५२०२९९
पशुपतिनगर इलाका:	५२०५९८
पालुङ इलाका:	६२०४६७
मनहरी इलाका:	९८५५०९०१६१
इलाका फापरबारी:	६२१९८०
इलाका भीमफेदी:	६९१४६२
इलाका ठिंगन:	९८४५२९९३८१
चौकीटोल चौकी	९७४२५९५०१
चित्लाङ चौकी:	६९२०००
चौघडा चौकी	९८४०५४५०४
नेवारपानी चौकी:	९७५५०००२९९
फाखेल चौकी:	९८४५०३१३९८
पदमपोखरी चौकी:	९८४५०९९७८९

एम्बुलेन्स सेवा	
नेपाल रेडक्रस:	५२०७११, ९८५५०२८९५२
हेटौंडा अस्पताल:	५२०३०५
परिवार नियोजन संघ:	५२०७५९८४७१०४०००
मनहरी रेडक्रस:	९८४१७०८८२१
छतिवन रेडक्रस:	९८६१६२२११९
भीमफेदी रेडक्रस:	६२०६९९
पालुङ रेडक्रस:	९८१४२०७४०१
बडबाराही रेडक्रस:	९८४५३०२९८४
सहकारी अस्पताल:	०५७-५२५४८७, ९८४५१९१९४
बसामाडी एम्बुलेन्स:	९८४५२९७७९
बारुण यन्त्र:	१०१
बाल हेल्पलाइन नेपाल:	१०९८
महादेवी नेपाल:	५२१०४०
अपाङ्ग बाल अस्पताल	९८४५२९६४४५

सार्वजनिक हितको लागि राष्ट्रिय दैनिक साझाकुरा

भोलिको पात्रो

भोलि वि.सं. २०७८ माघ ८ गते शनिबार २२ जनवरी २०२१ । माघ कृष्ण चतुर्थी । पोहेलागा चतुर्थी ११४१ । सूर्योदय ६:५४ र सूर्यास्त ५:३६ मा हुनेछ ।

आजको राशिफल

मेष	: आफन्तजन भेट	तुला	: अध्ययनमा बाधा
वृष	: भित्रजन भेट	वृश्चिक	: धन प्राप्ति
मिथुन	: प्रेममा सफलता	धनु	: शत्रुबाट मुक्त
कर्कट	: शुभ कार्यको थालनी	मकर	: धन नष्ट
सिंह	: सुख प्राप्ति	कुम्भ	: मिष्ठान्न भोजन
कन्या	: यात्राको योग	मीन	: आलश्यता

प्रहरीको पदोन्नतिमा अनुशासनहीन खेल



हेमन्त मल्ल



जब विधि-नियममा स्पष्टता हुँदैन, त्यहाँ काम गर्नेहरुभन्दा पनि चतुरेहरुको रजाई हुन्छ ।

म पञ्चायतको पुठपोषक होइन, तर दृष्टान्तकै लागि यहाँ केही सन्दर्भ उल्लेख गर्दै छु । त्यस बेला प्रहरीमा अनुशासन निकै महत्वपूर्ण पक्ष थियो । आफूभन्दा दुई दिनअघि बढुवा भएकालाई देख्दा पनि 'जय नेपाल' भन्दै खुट्टा जोड्न पर्थ्यो ।

कनिष्ठ प्रहरी निरीक्षकले आफूलाई देखेर सलाम नगरे वरिष्ठ प्रहरी निरीक्षकले उज्रुरी गर्थे । निःसन्देह समयसँगै अनुशासनका मान्यता बदलिन्छन् । तर, संशोधित मान्यताहरूको पनि अनिवार्य पालना हुनुपर्छ । प्रहरी समाजकै उपज हो । त्यसैले सामाजिक विकृतिको असर संगठनमा पनि देखिन्छ नै । यस्तोमा प्रहरीमा अनुशासन अझ महत्वपूर्ण बन्न जान्छ । अनुशासन अति स्खलित हुँदै जान्छ, प्रहरीको काम-कारबाही उति प्रभावित हुन्छ । यस्तो स्खलन पछिल्ला दिनमा झन बढेर गएको छ । देश चलाउनुपर्ने राजनीतिले प्रहरी संगठनमा खेल्दाको परिणाम हो, यो ।

बगाडि हुन हानबाट

प्रहरी संगठनमा कार्यक्षेत्रा र मूल्यांकनका आधार गरेर नभएकाले नेतृत्वमा पुगेर काम्भन्दा पनि राजनीतिक सम्पर्कलाई दुरुपयोग गर्ने गरिएको छ । दश्तात होस्-नहोस्, सबैलाई एक-दुई नम्बरमा आउने गरी पदोन्नति चाहिएको छ । उपयुक्त पात्र छनोट नहुँदाको मार समग्र संगठनले भोग्दै आएको छ ।

जयबहादुर चन्दलाई सरकारले महानिरीक्षक बनाउँदा आफूलाई १ नम्बर दावी गर्दै अकलि जाहेरी दिएपछि चार महीनासम्म प्रहरी नेतृत्वविहीन भएको कसैले बिर्सिएको छैन । रमेश खरेल र सर्वेन्द्र खनालको सम्बन्धले उब्जाएका प्रश्नले सेवानिवृत्त हुँदासम्म खनाललाई पछ्याइरहे । बढुवाका बेला आफूणे दबाब कायम गर्न र एकअर्कालाई बदनाम गर्न मिडियाबाजी पनि व्यापक बनाइन्छ । एकअर्काका तीनपुस्ते बजारमा छरिन्छन् । भर्ना हुँदादेखि पछिसम्म पुछ्रामा रहेका अनि समय अनुकूल हुँदा 'केन' लगाएर तनिएका व्यक्तिले एक नम्बर, दुई नम्बरमा दावी गर्ने हो भने कार्यदक्षता र मूल्यांकनको के अर्थ ? अलिले नम्बर जुटाएर जुन लगलिरे दौड चलाइएको छ, त्यसले काम गर्नेभन्दा पनि 'पगेंचशक्ति'लाई प्रेरणादित गरिरहेको छ । यसले गर्दा कार्यक्षेत्रमा श्रेष्ठ ठहरिएका अधिकृतले उपयुक्त जिम्मेवारी कमै पाएका छन् । नम्बर एकमा आइने मनोविज्ञानले स्वस्थ प्रतिस्पर्धाको वातावरण बिगारेको छ ।

एउटै थालमा खाना खाएका साथीबीच एकअर्कालाई देखिनसहने अवस्था बनेको छ, गुट-उपगुट खडा भएका छन् । यस्तो प्रवृत्तिले सुरक्षा निकायको अनुशासनलाई बिगारिदिंदा शक्तिकेन्द्रले नाजायज फाइदा लिने मौका पाउँछ, जसले संगठनको भित्री संरचनालाई बुझेको हुँदैन । शक्तिकेन्द्रले संगठनको दीर्घकालीन हितभन्दा पनि आफ्नो क्षणिक स्वार्थलाई प्राथमिकतामा राखेको हुन्छ ।

बिभागमा बखर

जुन नेतृत्वले सम्मानित र न्यायोचित व्यवहार गर्न सक्दैन, बाहिरी स्वार्थ हावी हुन दिन्छ, त्यसलाई विभागले अभिभावकका रूपमा स्वीकार गर्दैन पनि । दर्जा र पद अमर-अजर होइनन् । पदमा बसेर विभागीय स्वार्थ विपरीत गरिएका निर्णय नगरिकने पनि हँरिरहेका हुन्छन् । यी कुरा सेवानिवृत्त महानकेपछि पनि छुट्दैनन् । शक्तिकेन्द्रको स्वार्थमा सांगठनिक हित विपरीत गरिएका निर्णयहरू नै विभागभित्र बेथिति र अनुशासनहीनता बढ्नुका कारण हुन् ।

नम्बरको होडबाजीले प्रहरीको अनुशासन, व्यावसायिकता र भाइचारा थिलथिलो भएको छ । आफूले नगरेका कामको महिमामण्डन गराउँदै प्रतिस्पर्धीलाई लाञ्छना लगाउने प्रवृत्तिले विभागकै छवि धूमिल भएको छ । नेतृत्वमा पुग्ने इच्छा सबैमा हुन्छ, तर त्यो स्वस्थ प्रतिस्पर्धाबाट हुनुपर्छ । जब विधि-नियममा स्पष्टता हुँदैन, त्यहाँ काम गर्नेहरूभन्दा पनि चतुरेहरूको रजाई हुन्छ । किनकि, शक्तिकेन्द्रका ढोका त्यस्तै व्यक्तिका लागि खुला राखिन्छन् । जिम्मेवार निकाय र शक्तिकेन्द्रले क्षमताभन्दा पनि आफू र पार्टीलाई फाइदा पुग्ने गरी बढुवाका आधार तय गरेका हुन्छन् । यसले गर्दा कार्यक्षेत्रामा उत्कृष्ट रोकहरू पछि पर्छन् । तल्लो तहमा यसको दुरुपयोग झन बढी छ । आफ्नो सरकारको पालामा भएका कुकृत्यको सबाल संसद्मा उठ्ने भयग्रस्त सोचले एमालेले अवरोधक प्रवृत्ति पुनः सार्वजनिक गरेको हो । निर्दोष संसद् विघटन गर्दा पनि ताली बजाउने र संसद् घेर्न मुट्ठी उचालेर चिच्याउने हल्लाबोल एमाले संसदहरुमा विवेक, चिन्तन र जिम्मेवारीबोध देखिएन । आर्थै 'फुक्लिएको हिकी'जसो गरिमा च्युत हुन तयार एमाले भ्रुन्डले देश, जनता र संसदीय प्रणालीप्रति अक्षम्य अपराध र पाप गरेको छ । यस्तो अपराधको मुख्य जिम्मेवार थिनका अध्यक्ष केपीशर्मा ओली हुन् ।

नेपाली उद्यानमा भनिन्छ नि – 'कुम्भ कसको रिसले कसको काख बिगारे'जस्तो कर्म गर्दैछ एमाले । सदृद्धि भए प्रतिनिधि सभा, संसद्को बाँकी अवधिका बैठकहरु सुचारुवानल गर्न एमाले सहायक हुन पाउने अवसर छ । त्यहीं आफ्नो लघुता, कटुता जे छ व्यक्त गरे हुन्छ र देश, जनताको आवाज मुखरित हुने बाटो थुनछेक नगर्दा बेस होला ।

फर्किएर स्थानीय तहको निर्वाचनको विरोधाभाषी प्राक्धानतिर हेरौं । यतिबेला स्थानीय तहको निर्वाचन बहसमा रहेकोले कानूनी अन्तरविरोध सार्वजनिक भएको हो । नजाने आगामी अन्य निर्वाचनको लागि पनि संविधान र कानूनमा यस्तै अन्तरविरोध देखिन्छ कि ? के विश्वास ? हाम्रा स्वनामधन्य सांसद्हरुलाई कुनै पनि विषयमा संविधान र कानुन बाझिनु हुँदैन, बाझिएको हदमा कानूनको सम्बद्ध प्राक्धान स्वतः निष्प्रभावी हुन्छ भन्ने त थाहा हुनुपर्ने हो । यस्तो जाग्दाजान्दै किन संविधान र कानुन बाझिये ? बाझिने गरी कानुन किन बनाइये ? जवाफ र जिम्मेबारी कसले दिने, लिने ? विधेयक उत्पत्ती कहाँ, कसले गर्यो ? कानुन मन्त्रालयको तत्कालीन तालुकदारले के हेरे ? संसदीय विधायन समितिले गर्यो के वा मन्त्रिपरिषद् अन्तर्गत हुने विधेयक अध्ययन समितिले कालो अक्षर हेर्यो कि पढ्यो ? यतिका तह पार गरेर संसद्या छिरेको विधेयकलाई सांसद्हरुले आँखा चिम्मिएर पारित गरे ? टेबुल ठोके ? यी सबै तहले कानुन निर्माणको प्रक्रियामा संविधानसँग तादात्म्य राख्ने वा नराख्ने विषय खुट्याउनु पर्ने होइन र ? त्यसो गरेको भए झलिको कानुनी जटिलता आउने नै थिएन । संविधान भन्छ- स्थानीय तहको पदाधिकि सकिएको छ महिनाभित्र तिनको निर्वाचन गरिसक्नु पर्छ तर कानुमा लेखिएको छ- पदाधिको दुई महिनाअघि नै चुनाव हुनुपर्ने । कुन चाहिँ मान्ने ? यस्तो अवस्थामा कानुन स्वतः निस्क्रिय हुन्छ । कि त ऐन संशोधन गर्नुपर्यो नत संविधान ? वा संविधानकै व्यवस्थाअनुसार नै जानुपर्यो । संविधान संशोधन त सहज छैन ।

प्रमुख प्रतिपक्षी एमाले भन्छ- सरकार चुनाव गराउन चाहँदैन । यही दलका सांसद्लाई सोधौं- यस्तो कानुन बन्दा, बनाइँदा तिमीहरु कहाँ थियौ र गयौं के ? उही संसद् थुनेको भत्ता लिए जसरी त्यतिबेला पनि लियौ भत्ता, होइन र ? तलबभत्ता लिने थलो मात्र हो संसद् ? र सांसद् भत्ताखोर मात्र ? यस घटनाले मुलुकको राजनीतिमा अनावश्यक जटिलता थपिदिएको छ ।

नियतले यस्तो गरियो कि नादानीले ? जे होस्, संविधानसँग बाझिने ऐन, कानुन बनाउने हाम्रा निकाय र पारित गर्ने सांसद्हरुको हबिगतको पर्दा यस घटनाले लज्जास्पदरुपमा उघारेको छ । थिनको क्षमता, इमान र गाम्भीर्यपति पनि आशंका जन्माएको छ भने संसद् र सांसद्को गरिमा स्खलित गरेको छ ।

- साभार: बाह्रखरी

संसद् र सांसदको गरिमा ?

कुलचन्द्र बाग्ले

संविधान भन्छ- स्थानीय तहको पदाधिक सकिएको छ महिनाभित्र तिनको निर्वाचन गरिसक्नु पर्छ तर कानुमा लेखिएको छ- पदाधिको दुई महिनाअघि नै चुनाव हुनुपर्ने । कुन चाहिँ मान्ने ? यस्तो अवस्थामा कानुन स्वतः निस्क्रिय हुन्छ । कि त ऐन संशोधन गर्नुपर्यो नत्र संविधान ? वा संविधानकै व्यवस्थाअनुसार नै जानुपर्यो । संविधान संशोधन त सहज छैन ।

मुलुकको राजनीतिक प्रणाली संसदीय लोकतन्त्रमा आधारित छ । संविधानले यही शासकीय प्रणालीलाई सुनिश्चित गरेको हो । शक्तिपृथकीकरणको मान्यताकाबीच पनि संसदीय सर्वोच्चता अझिले राजनीतिक मार्ग हो । शासकीय व्यवस्थामा कसको सर्वोच्चता भन्ने विषय प्रणालीअनुसारकै रहेको देखिन्छ- संसदीय सर्वोच्चता ।

संसदीय प्रणालीमा संसद्को सर्वोच्चता उसले न्याय, कानुन निर्माण र आवश्यक पर्दा संविधान नै संशोधन गर्नसक्ने संवैधानिक हैसियत पाएबाट स्थापित भएको हो । न्याय, कानुन र सामयिक नीति निर्माणमा सांसदहरु पोख्त होऊन् र यसबाट देश, जनता लाभान्वित बनुन् भन्ने स्वाभाविक सामाजिक अपेक्षा रहन्छ ।

निर्वाचन कानुन र संविधानको प्राक्धानमा देखिएको अन्तरविरोधले हाम्रा विधि निर्माताहरुको हैसियत, क्षमता र जिम्मेवारीको पोल खोलेको छ । विधेयक उत्पत्तिदेखि पारित हुँदासम्मका तहहरु पार गर्नुपर्ने भए पनि विधेयक पारित गर्ने र ऐन, कानुनको मान्यता दिने संसद् यसप्रति सबैभन्दा जिम्मेवार छ ।

समयमा भन्नुपर्दा यसरी बने, बनाइएका नीति, नियम र कानुनले देश शासित हुन्छ । अर्थात्, कानुनको माध्यम संसद्ले राज्यसंयन्त्रका सबै अंगलाई 'ख्न' गर्छ । सरकार पनि संसद्प्रति उत्तरदायी हुनुपर्ने यो व्यवस्थाको विशेषता हो । संसद् जनताप्रति जिम्मेवार बन्नुपर्छ । जिम्मेवारीप्रति हेलचेक्र्याईं गर्दा संविधान र कानुनी प्राक्धान बाझिएको हो ।

यस्तै कारण नेपालको संसद् र सांसद् यस्तो गरिमाहायी जिम्मेवारी निर्वाहमा कति सक्षम, इमानदार र संवेदनशील छन् भन्ने प्रश्न उध्भिएको छ । सांसद्हरुको भूमिकाले नै संसदीय प्रणालीलाई लोकप्रिय र सुदृढ बनाउने हो । तर हाम्रोमा भइरहेको के छ ? जगजाहेर नै छ । दलीय व्यवस्थामा सांसद्हरुलाई सम्बद्ध दलहरुले परिचालन गरेको देखिन्छ । आफ्ना सांसद्लाई कस्ता मूल्य, मान्यता र इमानमा परिचालित गर्ने हो भन्ने विषयमा दलहरुले पनि ध्यान दिनुपर्ने । तर भइरहेको के छ ? त्यो पनि जगजाहेर नै छ ।

सांसद्हरु जनताका प्रतिनिधि हुन् । तिनको सर्वसर्वा लगाम दलहरुकै नियन्त्रमा रहनुपर्छ र मान्नुपर्छ भन्ने 'दलीय दासता' सधैं त स्वीकार्य नहुनु पर्ने हो । हाम्रोमा केही अपवादबाहेक प्रायः सबै दलका सबै सांसद् दलीय जञ्जिरको घेरामित्र रहेको अनुभूति छ । क्षमता नभएका वा भविष्यबोध नभएको कारण अथवा आजायालक प्रवृत्ति । के होलु, प्रभः हुनु त्यसै । सांसद्को विवेक, चेतना र स्वायत्तता प्रयोग गर्न कोही तयार देखिएन । नेपाली कांग्रेसका सांसद् गगन थापा अपवाद हुन् । उनले संसद्मा विवेकको भाषा धेरैपटक व्यक्त गरेका छन् । केही विषयमा डा. मीनेन्द्र रिजाल र दिलेन्द्र बडू खासगरी महाकाली नदीमा सिर्जित समस्याको विषयमा मुखर भएका हुन् ।

अन्य सांसद्, जुनसुकै दलका भए पनि तिनको स्मरणीय अभिव्यक्ति सुनिएन । अहिले त प्रतिपक्षी भनिने नेपाल कम्युनिस्ट पार्टी (एमाले)ले संसद्, सांसदको मुखै थुन्नेगरी उग्रता देखाएको करिब वर्ष दिन भयो । संसद्को सबै 'बिजनेस' ठप्प पारेको छ । एमालेले पहिले बारम्बार संसद् विघटन गरेर संसदीय प्रणालीको मुख थुन्यो । अहिले संसद् घेराउ गरेर, कसैलाई विचार राख्नै नदिएर देशको मुख थुन्दैछ । संसद्को मुख थुनिएको हो कि जनताको ? जनताको समस्यालाई मुखर हुन नदिने अनि तालुकदारले के हेरे ? संसदीय विधायन समितिले गर्यो के वा मन्त्रिपरिषद् अन्तर्गत हुने विधेयक अध्ययन समितिले कालो अक्षर हेर्यो कि पढ्यो ? यतिका तह पार गरेर संसद्या छिरेको विधेयकलाई सांसद्हरुले आँखा चिम्मिएर पारित गरे ? टेबुल ठोके ? यी सबै तहले कानुन निर्माणको प्रक्रियामा संविधानसँग तादात्म्य राख्ने वा नराख्ने विषय खुट्याउनु पर्ने होइन र ? त्यसो गरेको भए झलिको कानुनी जटिलता आउने नै थिएन । संविधान भन्छ- स्थानीय तहको पदाधिक सकिएको छ महिनाभित्र तिनको निर्वाचन गरिसक्नु पर्छ तर कानुमा लेखिएको छ- पदाधिको दुई महिनाअघि नै चुनाव हुनुपर्ने । कुन चाहिँ मान्ने ? यस्तो अवस्थामा कानुन स्वतः निस्क्रिय हुन्छ । कि त ऐन संशोधन गर्नुपर्यो नत संविधान ? वा संविधानकै व्यवस्थाअनुसार नै जानुपर्यो । संविधान संशोधन त सहज छैन ।

प्रमुख प्रतिपक्षी एमाले भन्छ- सरकार चुनाव गराउन चाहँदैन । यही दलका सांसद्लाई सोधौं- यस्तो कानुन बन्दा, बनाइँदा तिमीहरु कहाँ थियौ र गयौं के ? उही संसद् थुनेको भत्ता लिए जसरी त्यतिबेला पनि लियौ भत्ता, होइन र ? तलबभत्ता लिने थलो मात्र हो संसद् ? र सांसद् भत्ताखोर मात्र ? यस घटनाले मुलुकको राजनीतिमा अनावश्यक जटिलता थपिदिएको छ ।

नियतले यस्तो गरियो कि नादानीले ? जे होस्, संविधानसँग बाझिने ऐन, कानुन बनाउने हाम्रा निकाय र पारित गर्ने सांसद्हरुको हबिगतको पर्दा यस घटनाले लज्जास्पदरुपमा उघारेको छ । थिनको क्षमता, इमान र गाम्भीर्यपति पनि आशंका जन्माएको छ भने संसद् र सांसद्को गरिमा स्खलित गरेको छ ।

- साभार: बाह्रखरी

शिक्षक अस्पताल चितवनमा: मन्त्री पौडेल

चितवन (रासस)/ शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले शिक्षक अस्पताल भरतपुर महानगरपालिकामा बन्ने र यसका लागि तत्काल काम अघि बढ्ने जानकारी दिएका छन् ।

उनले भने "शिक्षक अस्पताल चितवनमा बनाउन आवश्यक कानूनी प्रक्रिया अघि बढाएर यसै आर्थिक वर्षमा काम थालिने छ । हामी हिट्टै फाइल उठाएर मन्त्री परिषद्को बैठकमा लैजान्छौं ।" जरुरी अस्पतालको नामभा आएपछि विस्तृत अध्ययन प्रतिवेदनको काम अघि बढ्ने छ ।

कानूनी प्रक्रियाका कारण केही समय लाग्ने भए पनि अन्य कारणबाट काम नरोकिने उनको भनाइ छ । पूर्व सम्भाव्यता अध्ययन र जरुरी पहिचान समितिले बुधवार मन्त्री पौडेललाई भरतपुरमा अस्पताल बनाउन उपयुक्त हुने जनाउँदै प्रतिवेदन बुझाएको छ ।

सुरुमा तीन ३०० शय्याको अत्याधुनिक शिक्षक अस्पताल बनाइने छ । क्रमशः अस्पतालको शय्या थप गर्दै लगिने उनले बताए । अस्पताल परिसरमा कुरुवा घर समेत बनाइने छ । महानगर पालिकाका प्रमुख रेनु दाहालले महानगरपालिकाको वडा नं १५ भगवानपुरमा आवश्यक जग्गा उपलब्ध गराउने बताए ।

महानगरले सो स्थलमा रहेको ८ बिघा १६ कठ्ठा जग्गा उपलब्ध गराउन आवश्यक निर्णय गरी कागजपत्र समितिलाई उपलब्ध गराएको थियो । महानगरपालिकाले प्रमुख जिल्ला अधिकारीसहित विम्बिधार सरोकारवालासमेत बसेर सो जग्गा शिक्षक अस्पतालका लागि उपलब्ध गराउने सहमति गरेको हो ।

सहमतिपत्रसँगै सार्वजनिक जग्गाको फिल्ड बुक र नक्शा, प्राविधिक (नापी कर्मचारीको स्थलगत नापजाँच प्रतिवेदन, वडा नं १५ को सहमतिपत्र र महानगरपालिकाको निर्णय प्रतिलिपिसहित आवश्यक सम्पूर्ण कागजपत्र पेश गरिसकेको छ । देशकै केन्द्रभागमा रहेकाले चितवन उपयुक्त हुने भन्दै समितिले प्रतिवेदन बुझाएको हो ।

महानगर प्रमुख दाहालले भने, "यस अस्पतालले भरतपुरलाई मेडिकल सिटीको रूपमा विकास गर्न सहयोग पुग्ने छ ।" शिक्षक अस्पतालपछि शिक्षण अस्पताल हुने दाहालको भनाइ छ । अस्पतालले यहाँको समग्र विकासमा समेत सहयोग पुग्ने जनाइएको छ ।

भरतपुरमा क्यान्सर अस्पताल, दुई ठूला मेडिकल कलेज, संघीय सरकारी अस्पतालको सुविधा भएकाले काठमाडौं बाहिर आउँदै गर्दा भरतपुर जस्तो उपयुक्त ठाउँ अन्यत्र नहुने भरतपुर महानगर पालिकाका उपप्रमुख पार्वती शाह ठकुरीले जानकारी दिए ।

उनले भने, "सबै हिसाबले शिक्षक अस्पताल भरतपुरमा उपयुक्त हुन्छ ।" शिक्षा मन्त्रालयले डा. बिमल शर्मा चलिसेको संयोजकत्वमा पूर्व सम्भाव्यता अध्ययन र जरुरी पहिचान समिति बनाएको थियो । समितिका सदस्य शिक्षक महासंघका सहसंयोजक पूर्णप्रसाद दवाडीले समितिले हेरेका अन्य केन्द्रका तुलनामा भरतपुरको जग्गा उपयुक्त रहेको बताए ।

उनले भने "अन्यत्र पनि नराम्रो छैन । सबै हिसाबले भरतपुर अर राम्रो छ ।" समितिले जग्गा हेर्नु पूर्व पेशागत संगठनसँग छलफलसमेत गरेको दवाडीले जानकारी दिए । अधिकांशले मध्यभाग भएकाले भरतपुरलाई रुचाएका थिए । दवाडीका अनुसार चार लाख भन्दा बढी शिक्षक कर्मचारी र तीनका परिवार प्रत्यक्ष रूपमा लाभान्वित हुनेछन् ।

नेपालमा स्थायी शिक्षक एक लाख सात हजार, राहत ४० हजार, पाठ शिक्षक ४० हजार, विद्यालय कर्मचारी ३६ हजार, निजी स्कुलका शिक्षक एक लाख ५० हजार र पूर्व शिक्षक ३० हजार रहेका छन् । यस अस्पतालले सर्वसाधारणको पनि उपचार गर्ने छ । अस्पताल बन्दै गर्दा कार्यविधि बनेर शिक्षक कर्मचारीले पाउने सुविधाको बारेमा निर्णय हुने उनले जानकारी दिए ।

नमुना अस्पताल बन्ने भन्दै उनले टाढाबाट आएका बिरामी र आफन्त बस्नका लागि कुरुवाघर समेत हुने बताए । चितवनमा क्यान्सर उपचारका लागि देशैभरबाट बिरामी आउने गर्दछन् । केन्द्रियस्तरको भरतपुर अस्पताल र मेडीकल कलेजमा देशभरबाट बिरामी उपचारका लागि आउने गर्दछन् । भरतपुरलाई मेडिकल सिटीको रूपमा लिने गरिन्छ ।

तयारी कक्षा सञ्चालन

युवाबर्गलाई स्वरोजगारसँगै सरकारी सेवामा प्रतिस्पर्धी बनाउन भरतपुर महानगरपालिकाले लोक सेवा र शिक्षक सेवाको तयारी कक्षा सञ्चालन गर्ने भएको छ । प्राविधिक तालिम लिएर तत्काल रोजगार गर्न चाहने र सरकारी सेवामा प्रवेश गर्न चाहने दुवै वर्गका युवालाई निःशुल्क रूपमा कक्षा र तालिम दिन लागिएको हो ।

भरतपुर महानगरपालिकाका प्रमुख रेनु दाहालले महानगरभित्रका युवाहरूलाई आफूले इच्छा व्यक्त गरे अनुसार तयारी कक्षा र तालिम दिन लागिएको जानकारी दिए ।

महानगरपालिकाले १८ वर्ष उमेरदेखि ४० वर्ष सम्मका युवालाई मागका आधारमा सीपमूलक तालिम र लोक सेवा र शिक्षक सेवाको तयारीका लागिसमेत सहयोग गर्न लागिएको उनको भनाइ छ । महानगरले गत फ्ल २७ गते१५ दिनको सूचना जारी गरी इच्छा अनुसारको आवेदन आह्वान गरेको छ ।

उनले भने, "आर्थिक अभावका कारण युवा तालिम र तयारी कक्षाबाट बञ्चित हुनुहुँदैन ।" आर्थिक अभावका कारण प्रतिस्पर्धामा कोही पनि पछि नपरुन भन्ने उद्देश्यले कार्यक्रम अघि बढाइएको दाहालले बताए । उनका अनुसार आधारभूत सीपमूलक तालिम लिएपछि सोही अनुसारको काम गर्नका लागि महानगरले सहयोग गर्ने छ ।

महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामबन्धु सुवेदीले आवेदन प्राप्त भएपछि इच्छा अनुसारको तालिम र तयारी कक्षा सुरु गरिने बताए ।

महानगरले तत्कालका लागि ५० लाख बजेट विनियोजन गरेको छ । रकम अपुग भएमा थप गरी कार्यक्रम प्रभावकारी बनाइने सुवेदीको भनाइ छ ।

तालिम र कक्षाका लागि विषय चित्र किकाइने छ । नतिजा प्राप्त हुने गरी काम गरिने उनले बताए । विवेदन संकलन हुँदै गर्दा महानगरपालिकाले व्यावसायिक सीपमूलक तालिमको लागि साझेदार संस्थासँग छलफल अघि बढाएको छ । उनले भने, "यहाँका युवाको चाहना अनुसार तयारी कक्षा वा सीपमूलक तालिम दिन्छौं ।" पालिकामा लोक सेवा र शिक्षक सेवाको तयारी कक्षा गर्न लागिएको सम्भवत यो पहिलो हो ।

विश्वकपका लागि खेलाडी छनोट

काठमाडौं (रासस)/ नेपाल क्रिकेट संघ (क्यान) ले आइसिसी पुरुष टी-ट्वान्टी विश्वकपको ग्लोबल छनोटका लागि नेपाली राष्ट्रिय पुरुष क्रिकेट टोलीका घोषणा गरेको छ ।

क्यानले बन्द प्रशिक्षणमा रहेका ३० खेलाडीबाट अन्तिम १६ सदस्यीय टोलीको छनोट गरेको हो । छनोटमा युवा ब्याट्समान लोकेश बम र विवेक यादव पहिलो पटक राष्ट्रिय टोलीमा परेका छन् ।

यस्ती शरद भेषवाकर, प्रदीप ऐरी र जीतेन्द्र मुखियाले राष्ट्रिय टिममा पुनरागमन गरेका छन् । विनोद भण्डारी र सोमपाल कामी भने टोलीमा परेका छैनन् । विश्वकप छनोटको समूह 'ए' अन्तर्गतको ग्लोबल छनोट फेब्रीअरी १७ देखि २४ तारिखसम्म ओमानमा आयोजना हुँदैछ । उक्त छनोटमा आयोजक ओमानसहित नेपाल, फिलिपिन्स, क्यानडा, संयुक्त अरब इमिरेट्स (युएई), बहराईन, आयर ल्याण्ड र जर्मनी रहेका छन् ।

यस समूहबाट शीर्ष दुई टोली यसैवर्ष अष्ट्रेलियामा हुने विश्वकपका लागि छनोट हुने छन् । नेपाली टोलीमा सन्दीप लामिछाने (कप्तान), कुशल भुर्तेल, आसिफ शेख, दीपेन्द्रसिंह ऐरी, ज्ञानेन्द्र मल्ल, शरद भेषावकर, आरिफ शेख, करण केसी, जीतेन्द्र मुखिया, अभिनाश बोहरा, शाहब आलम, कमलसिंह ऐरी, कुशल मल्ल, विवेक यादव, लोकेश बम र प्रदीप ऐरी छन् ।

सात निर्माण कम्पनी कालोसूचीमा

काठमाडौं (रासस)/ सरकारले सात निर्माण कम्पनीलाई कालोसूचीमा राखेको छ ।

सम्झौताअनुसार निर्माण पूरा नगरेको भन्दै सार्वजनिक खरिद अनुगमन कार्यालयले बिहीबार एक सूचना जारी गर्दै कालोसूचीमा राखिएको जनाएको हो ।

उक्त कार्यालयको बुधबार बसेको बैठकले बिहीबारदेखि लागू हुने गरी ती निर्माण कम्पनीलाई सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ को उपदफा (१) बमोजिम एक वर्षदेखि तीन वर्षसम्मका लागि कालोसूचीमा राख्ने निर्णय गरेको थियो ।

कर्णाली प्रदेशको सन्यानस्थित पूर्वाधार विकास कार्यालय कार्यावको सिफारिसमा काठमाडौंको महाराजगञ्जस्थित आरोग्य कन्स्ट्रक्शन प्रालिलाई तीन वर्षका लागि र दाङको घोराहीस्थित राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको सिफारिसमा काठमाडौंकै हाँडीगाउँस्थित डाइग्नोकेस जय शम्भु जेभीलाई दुई वर्षका लागि कालोसूचीमा राखिएको हो ।

तुलसीपुरस्थित बालन ब्रदर्स कन्स्ट्रक्शन एण्ड सप्लायर्स, बरदान कन्सल्टेन्ट एण्ड कन्स्ट्रक्शन प्रालि, अनामनगरस्थित ग्रीन टेक प्रोजेक्ट प्रालि, बाँकेको सोनारीस्थित एसएनसी निर्माण सेवा प्रालि र लुम्बिनीको रुपन्देहीस्थित शाह निर्माण सेवा कम्पनीलाई एक-एक वर्षका लागि कालोसूचीमा राखिएको छ ।

कालोसूचीमा परेका कम्पनीले कालोसूची अवधिभर सरकारी निकायको कुनै पनि खरिद तथा निर्माणका कार्यमा भाग लिन पाउने छैनन् । कालोसूचीमा राख्नुभन्दा अगाडि सम्झौता भएका कार्य भने निरन्तर हुने कार्यालयले जनाएको छ ।

दूधको मूल्य समायोजन हुँदै

काठमाडौं (रासस)/ सरकारले दूधको मूल्य समायोजन गर्ने तयारी गरेको छ । कृषि तथा पशुपक्षी विकास मन्त्रालयबाई केन्द्रिय दुग्ध सहकारी संघ लिमिटेडले दूधको लागत मूल्यसमेत नउठेको जनाउँदै मूल्यवृद्धिका गरेको अनुरोधपछि अध्ययनका लागि समिति गठन गरिएको थियो ।

मन्त्रालयले समितिले दिएको रासमुझावसहितको प्रतिवेदनका आधारमा मूल्य समायोजन गर्न लागेको हो । प्रतिवेदनमा पशुलाई खुवाउने आहारा (दाना, चोकर, डुटो, पिना, परार र घाँस) को मूल्य धेरै बढेको तर दूधको मूल्य साढे दुई वर्षसम्म यथावत् रहेको हुँदा किसान घाटा खाएर दूध बेच्न बाध्य रहको उल्लेख छ ।

विगतमा प्रत्येक वर्ष मूल्य समायोजन हुँदैआए तापनि पछिल्लो समय साढे दुईवटा दूधको मूल्य समायोजन भएको छैन । अहिले किसानले प्रतिलिटर ५३ मा दूध बिक्री गर्दैआएका छन् ।

उक्त मूल्यमा दूध बिक्री गर्दा किसानले प्रतिलिटर ४ घाटा व्यहोर्ने गर्ने प्रतिवेदनमा उल्लेख छ । यसबर्धिमा औषधि, रेखदेख गर्ने गोठालोको तबलभत्ता, डुबानी खर्च र अन्य उपकरणमायतका सामग्रीको मूल्य आकासिएकाले पनि समयानुकूल मूल्यवृद्धि हुन आवश्यक रहेको प्रतिवेदनमा उल्लेख छ ।

प्रतिवेदनले हालकाय रहेको दूधको मूल्यमा प्रतिलिटर १० वृद्धि गर्न सुझाव दिएको छ । अहिले दूधको उपभोक्ता मूल्य प्रतिलिटर ७६ छ । प्रतिवेदनका आधारमा मूल्य समायोजन भएमा किसानले प्रतिलिटर ६० प्राप्त गर्ने भने उपभोक्ताले ८६ मा किन्न पर्नेछ ।

मूल्य समायोजनपछि वृद्धि हुने प्रतिलिटर १० मध्ये ९ सात किसानलाई तथा रु तीन उपोगीलाई प्राप्तहुँछ । प्रतिवेदनका आधारमा नयाँ मूल्य लागू भए किसानलाई लागत खर्क कटाएर प्रतिलिटर रु तीन फाइदा हुँछ ।

समितिले इलाम, झापा, सुनसरी मोरङ, सप्तरी, सर्लाही, बारा, मकवानपुर, काभ्रे चितवन, नवलपरासी, रुपन्देही, कास्की, बाँके, सुर्खेत, कैलाली र कञ्चनपुरका दूध उत्पादक किसान र दूध उपोगीसँग छलफल र अन्तर्क्रिया गरी प्रतिवेदन तयार गरेको हो । दूध व्यवसायले मुलुकको कुल ग्राहस्थ उत्पादनमा ५ प्रतिशत योगदान पुऱ्याउँदै आएको छ । नेपालमा वार्षिक २३ लाख एक हजार टन दूध उत्पादन पुगेको तथ्याङ्क छ । उत्पादनको ४० प्रतिशत गाई र ६० प्रतिशत भैंसीको छ ।

दूध कृषि उत्पादनको एक मुख्य नगदेबाली हो । राष्ट्रिय दुग्ध विकास नीति २०७८ मा सरकारी, सहकारी तथा निजी क्षेत्रको सहकार्य र साझेदारीमा दूधको उत्पादन र उत्पादकत्वबृद्धि गरी देशलाई दुग्ध पदार्थमा आत्मनिर्भर बनाउने र निर्यात प्रवर्द्धन हुने वातावरण निर्माण गर्ने उल्लेख छ । दुग्ध व्यवसायले मुलुकका करिब ५ लाख मानिसलाई प्रत्यक्षरूपमा रोजगारी प्रदान गरी गरिबी निवारणको उल्लेखनीय योगदान पुऱ्याउँदै आएको छ । प्रतिवेदनमा उल्लेखित तथ्याङ्क अनुसार हाल वार्षिकरूपमा औषत रु दुई अर्ब बराबरको विभिन्न दुग्ध पदार्थ आयात हुँदैआएको छ ।

चकलेट, ल्याक्टोजीन, हर्लिक्सजस्ता अन्य दूध मिश्रण भएका खाद्य पदार्थको समेत हिसाब गर्दा वार्षिकरूपमा रु चार अर्बसम्मका दुग्ध पदार्थ आयात हुने गरेको देखिन्छ ।

कृषि तथा पशुपक्षी मन्त्रालय स्रोतका अनुसार, मूल्य समायोजनका सन्दर्भमा सरोकारवालाहरुँग छलफल भइसकेकाले समयानुकूल हुने गरी छिट्टै दूधको नयाँ मूल्य कायम हुनेछ ।

प्रदेश सरकार
कृषि तथा पशुपन्छि विकास मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

क्याटलग सपिङ विधिवाट सवारी साधन खरिद सम्वन्धी शिलबन्दी प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७८/१०/०७

यस मन्त्रालयको आ.व.०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सवारी साधन सार्वजनिक खरिद ऐन, २०६३ (पहिलो संसोधन २०७३) को दफा ८ को उपदफा १(क) (८) तथा सार्वजनिक खरिद नियमावली २०६४ (चौथो संसोधन) को नियम ३१(ख) बमोजिम त्यस्तो सवारी साधन उत्पादक कम्पनी वा सो को अधिकारीक विकेताहरु विच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ) विधिवाट खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ख) को उपनियम २ अनुसार देहाय बमोजिम सवारी साधनको उत्पादकको आधिकारिक स्पेशिफिकेशन, गुणस्तर र कम्पनीको आधिकारिक मूल्य खुल्ने कागजात (क्याटलग वा ब्रोसर) संलग्न राखी तपसिलमा उल्लेख भए बमोजिम शिलबन्दी प्राविधिक र आर्थिक प्रस्ताव दर्ता गराउन हुन सम्वन्धित उत्पादक वा आधिकारिक विकेताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. शिलबन्दी प्रस्ताव सम्बन्धी कागजात यस मन्त्रालयबाट निःशुल्क प्राप्त गर्न सकिनेछ ।
२. उक्त प्रस्ताव लिनका लागि इच्छुक इजाजत प्राप्त उत्पादक कम्पनी वा त्यसको आधाकारिक विकेताहरुले आफ्नो फर्म/कम्पनी दर्ता, प्यान/भ्याट दर्ता, एजेन्सी दर्ता प्रमाणपत्र, Letter of Authorization र आ.व. २०७७/०७८ को आयकर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपीहरु तथा फर्म/कम्पनीको अनुरोध पत्रसहित सूचना प्रकाशित भएको मितिले दशौं दिन मन्त्रालयमा कार्यालय समय भित्र उपस्थित हुनुपर्नेछ ।
३. यो सूचना प्रथम पटक प्रकाशित भएको एघारौं दिन मिति २०७८/१०/१७ गते १२:०० बजे भित्र यस मन्त्रालयमा शिलबन्दी प्रस्ताव दर्ता गराई सक्नुपर्नेछ र दर्ता भएको शिलबन्दी प्रस्ताव सोही दिन १४:०० बजे खोलिनेछ ।
४. सार्वै सूचिकृत नभएका उत्पादक वा अधिकृत विकेता कम्पनीहरुले सूचिकृत गराई उल्लेखित शिलबन्दी प्रस्ताव पेश गर्न सकिने व्यहोरा समेत जानकारी गराइन्छ ।
५. सवारी साधनको विस्तृत स्पेसिफिकेसन यस मन्त्रालयको वेभ साईट Molmac.bagmati.gov.np तथा सूचनापाटीमा हेर्न सकिनेछ ।

क्र. सं.	ठेक्का नं.	सवारी साधनको नाम	संक्षिप्त विवरण	संख्या	कैफियत
१.	Molmac/Ba/078/79/ NCB/02	4wd Hard top Top jeep	4wd hard Top top jeep suv	१(एक)	संक्षिप्त विवरणमा उल्लेख नभएको कुराहरु स्वीकृतTechnical Specification बमोजिम हुनेछ ।

श्रमजीवी पत्रकार ऐनको पूर्ण कार्यान्वयन गर्नुपर्ने माग

काठमाडौं (रासस)/ नेपाल पत्रकार महासंघ उपत्यका प्रदेश समितिले श्रमजीवी पत्रकार ऐन, २०५२ को पूर्ण कार्यान्वयन गर्नुपर्ने माग गरेको छ ।

समितिले पछिल्लो समयमा कतिपय सञ्चारगृहले नियमित तलबलगायत सेवा सुविधा नदिएको तथा श्रमजीवी पत्रकार ऐन, २०५२ को पूर्ण कार्यान्वयन नगरेको भन्दै ऐनको कार्यान्वयन नगर्ने, बिभिन्न बहानामा बिदा तथा बेतलबीमा राख्ने, ऐनअनुसार सेवा सुविधा उपलब्ध नगराउने सञ्चारगृहविरुद्ध आन्दोलन गर्ने समेत जनाएको छ ।

समितिको चौथो पूर्ण बैठकले कोरोनाको नयाँ भेरियण्टको संक्रमण तीव्ररुपमा फैलिएसँगै 'कोभिड-१९ उपत्यका संयोजन समिति' (सिभिसीसी)लाई पुनः सक्रिय बनाएर पत्रकार तथा सञ्चारकर्मीको सहयोग लागि समन्वयकारी भूमिका निर्वाह गर्ने निर्णय पनि गरेको छ । "कोभिडको नयाँ भेरियण्टको संक्रमण उच्च रहेकाले सावधानी अपनाएर रिपोर्टिङ तथा सञ्चारकर्ममा खटिन सबै पत्रकार तथा सञ्चारकर्मीमा आग्रह गर्ने निर्णय गरियो", विज्ञप्तिमा भनिएको छ ।

समितिले नेपाल पत्रकार महासंघको विधान विपरीत प्रदेशको सिफरिस बिना, प्रदेशलाई जानकारीसमेत नदिई केन्द्रीय कार्यालयवाट सदस्यता स्थानान्तरण, नवीकरणलगायतका कार्य भएको जानकारीमा आएकाले यस्तो कार्य अविलम्ब रोक्न केन्द्रसँग माग गर्ने भएको छ ।

सूचना तथा प्रसारण विभागबाट यसअघि प्रदान गरिँदै आएको लोककल्याणकारी विज्ञापन प्रकाशनबापतको भुक्तानीलगायतको काम हाल विज्ञापन बोर्डबाट गरिँदै आए पनि समयमै भुक्तानी नगर्ने, आफैले पेज तोक्ने, सेवा सुविधाको बहानामा तीन प्रतिशत कट्टा गर्ने तथा अनावश्यक झन्झट दिने काम हुँदै आएको भन्दै त्यस्ता गतिविधि तत्काल सच्याउन समितिको माग छ ।

मोटरसाइकल हरायो

निम्न व्यहोराको मोटरसाइकल २०७८ साल मंसिर ११ गते वीरगञ्ज म.न.पा वडा नं. १२ ब्रह्मचोकबाट अन्दाजी साँझ ८:३० बजेदेखि ९:०० बजेको बिचमा हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न फोन नम्बरमा खबर गरिदिनु हुन अनुरोध गरिन्छ ।

मोटरसाइकल नम्बर: प्रदेश लं.३-०३-००१ प ९०७२
मोटरसाइकल रनीको नाम: जुप टोड्
मोटरसाइकलको ब्राण्ड (नाम): पल्जर, २०० NS
मोटरसाइकलको रंग: रातो
मोटरसाइकल बनेको वर्ष: जन् २०१२
चेसिस नम्बर: MD2A36FY7KCL80963
इन्जिन नम्बर: JLYCKL44885
सम्पर्क फोन नम्बर: ९८०७०१८८९८१

आजबाट मौसममा सुधार हुने

काठमाडौं (रासस)/ पश्चिमी वायुको प्रभावले देशको अधिकांश स्थानमा अशिकदेखि सामान्य बदली रही केही हल्का वर्षा र हिमपात भइरेहको जल तथा मौसम विज्ञान विभागले जनाएको छ ।

उक्त प्रणालीको प्रभावले पहाडी भेगका थोरै स्थानमा हल्का वर्षा र उच्च पहाडी तथा हिमाली भू-भागका केही स्थानमा हल्का हिमपातको सम्भावना रहेको विभागका वरिष्ठ मौसमविद् वरुणा पौडेलले बताए । "सो मौसमी प्रणाली आजदेखि कमजोर हुँदै जाने भएकाले शुक्रबारबाट मौसममा सुधार हुनेछ", उनले भने ।

आज देशभर आशिकदेखि सामान्यतया बदली रही हरेक प्रदेशका केही स्थानमा हल्का वर्षा तथा देशका उच्च पहाडी तथा हिमाली भू-भागका केही स्थानमा हल्का हिमपातको सम्भावना रहेको बताइएको छ ।

विभागले आगामी २४ घण्टाको लागि चेतावनी तथा परामर्श जारी गर्दै देशको पहाडी तथा हिमाली भू-भागका केही स्थानमा हल्का हिमपातको सम्भावना रहेको छ । सार्वै देशभर चिसो अझै बढ्ने क्रममा रहेकाले यसबाट बच्न र त्यसको प्रभावबाट जोगिन आवश्यक सुरक्षा तथा सतर्कता अपनाउन अनुरोध गरिएको छ ।

मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरण अनुसार बिहीबार काठमाडौं उपत्यकाको न्यूनतम तापक्रम सात दशमलव ६ डिग्री र अधिकतम तापक्रम १८ दशमलव चार डिग्री सेल्सियस रहेको छ ।

"अनिवार्य मास्कको प्रयोग गरौं" अभियान सुरु

काठमाडौं (रासस)/ ट्राफिक प्रहरीले काठमाडौं उपत्यकामा सञ्चालित सार्वजनिक बसका चालक, सहचालक र यात्रुलाई लक्षित गरी 'अनिवार्य मास्कको प्रयोग गरौं' अभियान सुरुवात गरेको छ ।

महानगरीय ट्राफिक प्रहरी महाशाखाले नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघको सहकार्यमा बिहीबारदेखि न्यूरोड यैटबाट 'अनिवार्य मास्कको प्रयोग गरौं' अभियान सुरुवात गरेको हो । अभियानको महाशाखाका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक उमेशराज जोशी र महासंघका महासचिव सरोज सिटौलाले सार्वजनिक सवारीसाधनमा जनचेतनामूलक पर्चा टासिर शुभारम्भ गरेको हो ।

कार्यक्रममा महाशाखाका प्रमुख जोशीले मुलुकमा कोरोनाको तेस्रो लहर तीव्रगतिमा बढिरहेको बेलामा सार्वजनिक यातायातबाट हुनसक्ने संक्रमण रोक्नका लागि 'अनिवार्य मास्कको प्रयोग गरौं' अभियान सुरुवात गरिएको बताए । सुरुको चरणमा १५ हजार सार्वजनिक सवारी साधनमा जनचेतनामूलक अभियान सञ्चालन गर्ने महाशाखाले जनाएको छ ।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका महासचिव सिटौलाले तेस्रो चरणको कोरोना संक्रमणका कारण यातायात मजदूर तथा यात्रुलाई थप क्षति नपुगोस् भन्ने उद्देश्यले उक्त अभियान सञ्चालन गरेको जानकारी दिए ।

"अहिले राजधानीबाट सुरु गरेको यो अभियाननाई क्रमशः देशव्यापी लैजान्छौं", उनले भने । उनले देशभरका यातायात मजदूरलाई अनिवार्य रूपमा मास्कको प्रयोग गर्नसमेत आग्रह गरेका छन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक वर्षको वारेन्टीका साथै दुई वर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सितैमा लैजानुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

बागमतीले पनि श्वेतपत्र जारी गर्ने

साझाकुरा संवाददाता

हेटौंडा/बागमती प्रदेश सरकारले पनि श्वेतपत्र जारी गर्ने भएको छ ।

प्रदेश सरकारको बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले प्रदेश सरकार गठन भएदेखि हालसम्मको समिक्षा गर्दै श्वेतपत्र जारी गर्न निर्णय गरेको हो । प्रदेश सरकारले हालसम्म गरेको कामको अनुभवसहित प्रगति, कमिकमजोरी र वर्तमान अवस्थालाई समेटेर श्वेतपत्र जारी गरिने स्वास्थ्य मन्त्री निमा लामा जानकारी दिए ।

श्वेतपत्र जारी गर्न आर्थिक मामिला तथा योजना मन्त्री शालिकराम जम्मकट्टेलेको संयोजकत्वमा श्वेतपत्र लेखन समिति निर्माण गरिएको छ । बैठकले मुख्यमन्त्री राजेन्द्र पाण्डेको संयोजकत्वमा उच्चस्तरीय अनुगमन समिति समेत निर्माण गरेको छ ।

यसैगरी मन्त्रीहरु नै संयोजक रहने गरी राजनीतिक, प्रशासन तथा विधेयक, आर्थिक सामाजिक तथा पूर्वाधार समिति बैठकले गठन गरेको छ । मन्त्रिपरिषद्को बैठकले मन्त्रालयहरुको कर्मचारी संगठन संरचना र दरबन्दी समेत स्वीकृत गरेको छ । मन्त्री लामाका अनुसार प्रादेशिक संरचना निर्माण गर्न प्रदेशका प्रमुख सचिवको संयोजकत्वमा जग्गा पहिचान समिति गठन गरिएको छ ।

समितिलाई प्रतिवेदन बुझाउन सातदिनको समय सीमा दिइएको छ । बैठकले प्रदेशको वित्तिय सुशान जोखिम मूल्यांकन कार्यविधि-२०७८ समेत स्वीकृत गरेको छ ।

सांगठनिक संरचना निर्माण गरिने

बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले मन्त्रालय पुन:गठन पछि भएको कर्मचारी अभावको समस्यालाई समाधान गर्न कर्मचारीको संख्या निर्धारण गरी सांगठनिक संरचना निर्माण गर्ने भएको छ ।

उक्त सांगठनिक संरचनामा ३ हजार ७ सय ६४ जना कर्मचारी प्रदेश सरकार अन्तर्गत आवश्यक रहेकोले मन्त्रालयगत रुपमा संख्या निर्धारण गरिएको सरकारका प्रवक्ता एवम् आन्तरिक मामिला तथा कानुनमन्त्री कृष्णप्रसाद शर्मा खनालले जानकारी दिए ।

विगतमा पनि प्रदेश सरकार मातहतमा थोरै कर्मचारी रहेकाले त्यसमा कुनै परिवर्तन नभएको हाल त्यसैबाट कामकाज गरिरहेको र कर्मचारी पदपूर्तिका लागि छिट्टै नै निजामती कर्मचारी नियमावलि ल्याउनका लागि संघीय सरकारसंग पहल गर्ने तथा प्रदेश लोक सेवा आयोगलाई सक्रिय बनाएर कर्मचारी व्यवस्थापन गर्ने निर्णय गरेको उनले बताए ।

उनका अनुसार मन्त्रालयहरु पुन:गठन भएपछि नयाँ कर्मचारी संरचना तयार पार्दा सचिवका न्त्रालयहरुमा कर्मचारी दरबन्दी यथावत रहने निर्णय भएको छ । वन तथा वातावरण मन्त्रालयमा प्रस्तावित दरबन्दी ३८ जना, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा २९ जना, संस्कृति तथा पर्यटन मन्त्रालयमा २५ जना, कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा ५१ जना, भूमि व्यवस्था सहकारी विकास तथा गरिबी निवारण मन्त्रालयमा ३३ जना, भौतिक पूर्वाधार विकास मन्त्रालयमा ४० जना, श्रम रोजगार तथा यातायात मन्त्रालयमा ३५ जना, खानेपानी उर्जा तथा सिंचाई मन्त्रालयमा ३६ जना, सामाजिक विकास मन्त्रालयमा ३२ जना र युवा तथा खेलकुद मन्त्रालयमा १६ जना कर्मचारीको दरबन्दी कायम गरिएको उनले बताए ।

बुद्धाश्रमलाई हिटर सहयोग

साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडा। उपमहानगरपालिका वडा नम्बर-२ चौकिटोलमा रहेको ओम बुद्धाश्रमलाई रुम हिटर हस्तान्तरण गरिएको छ ।

हेटौंडा उपमहानगर पालिकाले बुद्धाश्रमलाई १० वटा रुमहिटर हस्तान्तरण गरेको हो । उपमहानगरपालिकाका मेयर हरि बहादुर महतले बुद्धाश्रम व्यावस्थापन समितिलाई रुम हिटर हस्तान्तरण गरेका हुन् ।

बुढबुढाहरु चिसोकै कारण रुघा, खोकी लाग्नेजस्ता समस्या भोग्दै आएका थिए । छोरा, छोरी र आफन्तहरुले हेरचाह नगरेकै कारण बुढबुढाहरु बुद्धाश्रममा बस्नुपरेकाले उनीहरुका लागि स्थानीय सरकारले विभीन्न सहयोग गर्दै आएको हेटौंडा उपमहानगरपालिका मेयर हरिबहादुर महतले बताए । हेटौंडामा रहेका विभिन्न बुद्धाश्रम, मानब सेवा आश्रमलाई उपमहानगरपालिका सहयोगी बन्दै आएको छ ।

बुद्धाश्रम र मानब सेवा आश्रमका लागि भवन निर्माण गर्न, अरु खालका सहयोगहरु निरन्तर रुपमा गरिंदै आएको मेयर महतले बताए । जाडोको समयमा ओछो गर्न सक्नेहरुका लागि भन्दा पनि आफ्ना समस्यासमेत राख्न नसक्नेहरुका लागि स्थानीय सरकार सहयोगी बन्दै आएको छ ।

मास्कको कालोबजारी गर्नेलाई पाँच हजार धरौटीमा छाडियो

साझाकुरा संवाददाता

हेटौंडा/जिल्ला प्रशासन कार्यालय मकवानपुरले स्वास्थ्य सुरक्षा सामग्री मास्कको कालोबजारी गर्ने ३ जनासँग पाँच हजार धरौटी लिएर छाडेको छ ।

प्रशासनले मास्कको कालोबजारी गर्ने हेटौंडा उपमहानगर पालिका वडा नम्बर-१ स्थित अन्सारी फार्मेसीका संचालक साजित अन्सारी, सक्षम औषधि पसलका संचालक बब्लु पाण्डे र सम्पूर्ण फार्मेसी संचालक ३२ बर्षीया संजिता पोखरेललाई बिहीबार धरौटीमा छाडेको हो । उनीहरुविरुद्ध कालोबजारी ऐन अन्तरगत मुद्दा चलाइएको थियो ।

मास्कमा कालोबजारी बारे, साझाकुराले समाचार सार्वजनिक गरिसकेपछि जिल्ला प्रशासनको निर्देशनमा जिल्ला प्रहरी कार्यालयले कारबाही प्रक्रिया अघि बढाएको थियो । एक रुपैयाँ खरिद मूल्य पर्ने सर्जिकल मास्कको १० रुपैयाँ असुल गर्दै उपभोक्ता ठग्ने ३ वटा फार्मेसीका संचालकलाई प्रहरीले दुई दिनअघि पकाउ गरेको थियो ।

प्रशासनले थप अनुगमन गरी मास्ककोकालोबजारीविरुद्ध अभियान चलाउने दाबी गर्दै आएको छ । कोरोना महामारीको समयमा अत्यावश्यक स्वास्थ्य सुरक्षा सामग्री मास्कको कालोबजारी हुन नदिन प्रशासन कार्यालयले अभियान तीव्र पारेको प्रमुख जिल्ला अधिकारी भरत मणि पाण्डेले बताए । होलसेलमा एक रुपैयाँपर्ने मास्कको १० रुपैयाँ लिन नपाइने उनले प्रतिक्रिया दिए ।

प्रशासनको आदेशपछि बढी मूल्य लिने व्यापारीहरुलाई प्रहरीले प्रमाथम पकाउ गरिरहेको छ । औषधी पसल, किराना पसलनगायत व्यापारीहरुले मास्कको १० रुपैयाँ असुल गरिरहेको गुनासो प्रशासन कार्यालयमा पुगेको छ । सबै पसलधनीहरुलाई सामान्य मास्कको अधिकतम् पाँच रुपैयाँमा बिक्री गर्न आह्वान गरिएको प्रशासनले जनाएको छ । प्रशासनले अत्यावश्यक मास्कको कालोबजारी नगर्न आह्वान गर्दै त्यसो गरिएको पाइएमा कड़ा कारबाही गर्ने भन्दै सबैलाई सचेतनमेत गराएको छ ।

बढीमा पाँच रुपैयाँसम्म पर्ने सर्जिकल मास्कलाई बजारका मेडिकल र फार्मेसीहरुले १० रुपैयाँमा बिक्री गरिरहेका छन् । मेडिकल र फार्मेसीमात्र नभई किराना, कपडा, मोबाइललेखि घडि पसलसम्मले मास्क बिक्रीका लागि राखेर खुलेआम कालोबजारी गरिरहेका हुन् । सर्जिकल मास्क खरिद गर्दा डेढदेखि ३ रुपैयाँसम्म पर्न जाने नेपाल औषधि व्यवसायी संघ मकवानपुरले जनाएको छ ।

कानुनत: खरिद गरेको मूल्यमा २० प्रतिशत नाफा राखेर बिक्री गर्नुपर्ने प्रावधान छ । कानुनी प्रावधानलाई कुन्दैदै व्यवसायीहर खुलेआम १० रुपैयाँमा सर्जिकल मास्क र दुईसय रुपैयाँमा के-९५ मास्क बिक्री गरिरहेका छन् । औषधि व्यवसायी संघ मकवानपुरका अनुसार के-९५ मास्क ५० रुपैयाँ मात्रै पर्छ ।

मकवानपुरका प्रमुख जिल्ला अधिकारी पाण्डेले मास्कको कालोबजारी भइरहेको पाएमा प्रशासनलाई तत्काल जानकारी गराउन आग्रह गरेका छन् । उनले खरिद मूल्यको २० प्रतिशत भन्दाबढी फाइदा लिएको पाइएमा कारबाही गर्ने बताए ।

स्वास्थ्यकर्मीलाई संक्रमणपछि अस्पतालमा अनुगमन

साझाकुरा संवाददाता

हेटौंडा/मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानद्वारा संचालित हेटौंडा अस्पतालको बिहीबार अनुगमन गरिएको छ ।

हेटौंडा उपमहानगर पालिकाका मेयर हरि बहादुर महतको नेतृत्वमा अस्पतालको अनुगमन गरिएको हो । कोरोना भाइरस संक्रमणका बिरामी थपिँदै गएपछि अस्पतालमा बिरामीको चाप निकै बढेको छ ।

जिल्लास्तरीय कोभिड-१९ संकट व्यवस्थापन समितिले अस्पताल र क्वोप केन्द्रको अनुगमन गरेको हो । बिरोधसरी हेटौंडा अस्पतालमा कोरोनाका बिरामीको उपचार र यसको व्यवस्थापनका विषयमा जानकारी लिनका लागि मकवानपुरका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डे, नेपाली सेना, सशस्त्र प्रहरी, जनपथ प्रहरी लगायतकाले अस्पतालको अनुगमन गरेका हुन् ।

अस्पतालको पीसीआर प्रयोगशाला, कोरोना बिरामी जाँच गराउने वार्ड, अक्सिजन प्लान्ट र यसको मौजदात राखिएको क्षेत्रमा अनुगमन गरिएको थियो । मकवानपुर जिल्लामा कोरोना संक्रमणले महामारीको रुप लिएकी र यसको नियन्त्रणका लागि सबै पक्ष एकजुट भएर लाग्नका लागि मेयर महतले आग्रह गरेका थिए ।

हेटौंडा अस्पतालमा स्वास्थ्यकर्मीमा कोरोना संक्रमण भएसँगै सीपीडी सेवा घटाइएको अस्पताल विकास समितिका अध्यक्ष राजेश प्रसाईले बताए । अस्पतालका हरेक सेवाका स्वास्थ्यकर्मीमा कोरोना संक्रमण भएपछि थप समस्या भएको उनले बताए ।

अनुगमन टोलीले हेटौंडाको बसपार्क क्षेत्र र थानामन्याङ्कको क्वोप केन्द्को पनि अनुगमन गरिएको थियो ।

HETAUDA CITY HOSPITAL PVT.LTD.
Hetauda-1, Sub-metropolitan
Phone: 057-520315

VACANCY ANNOUNCEMENT

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

S.No.	Designation	No.	Salary (Rs)	Min. Qualifications
1	Staff Nurse	Few	14000-18000	PCL/NHPC registered
2	Lab Technician/ assistant	2	Negotiable	PCL/TSLC
3	CMA/ANM	Few	Negotiable	TSLC

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

मकवानपुरमा बिहीबार थपिए १ सय ८१ कोरोना संक्रमित

साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुरमा बिहीबार १ सय ८१ जना कोरोना भाइरस संक्रमित थपिएका छन् ।

पछिल्लो २४ घण्टामा १ सय ८९ जनामा पीसीआर र ७१ जनामा एन्टिजेन प्रविधिबाट परीक्षण गर्दा क्रमश: १ सय ३३ जना र ४८ जनामा कोरोना पुष्टि भएको जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ ।

यससँगै जिल्लामा सक्रिय संक्रमितको संख्या १ हजार २६८ पुगेको छ । पछिल्लो २४ घण्टामा जिल्लामा ३ जना संक्रमणमुक्त भएका छन् ।

स्वास्थ्य कार्यालयका अनुसार हाल संस्थागत आइसोलेसनमा बलेको संख्या ९, होम आइसोलेसनमा बसेको संख्या १ हजार २ सय ५९, सक्रिय संक्रमितको संख्या १ हजार २ सय ६८ र हालसम्म संक्रमणकै कारण ज्यान गुमाउनेको संख्या १ सय ७० रहेको छ ।

त्यस्तै हालसम्म २ लाख ८२ हजार १७३ जनाले कोभिड १९ विरुद्धको क्वोपको पहिलो मात्रा लगएका छन् भने २ लाख ४ सय ४ जनाले क्वोपको पूर्ण मात्रामा लगएका छन् ।

बागमतीमा एकैदिन ८ हजारमा संक्रमण

हेटौंडा/बिहीबार एकै दिनमा ८ हजार ७१ जना कोरोना भाइरस (कोभिड-१९) का संक्रमित थपिएका छन् ।

कोरोनाको दोस्रो लहर फैलिएसँगै बागमती प्रदेशका जिल्लामा यसको जोखिम बढेको छ । हिजो एकैदिनमा संक्रमितहरु धेरै थपिँदै गएको प्रदेशको सामाजिक विकास मन्त्रालयका प्रवक्ता बसन्त अधिकारीले जानकारी दिए ।

नेपालभरी संक्रमित देखिएका मध्यमा बुधबार मात्र यस प्रदेशमा ४८ दशमलब ७१ प्रतिशतमा कोरोना संक्रमण भएको छ । मकवानपुर जिल्ला पनि केरोनाको उच्च जोखिममा परेको छ । मकवानपुरको हेटौंडासँगै जिल्लाका दश वटै स्थानीय तहमा केरोना भाइरसको उत्तिकै जोखिम बढेको छ ।

स्वास्थ्य मापदण्ड पनि पालना नहुँदा थप समस्या भएको स्वास्थ्यकर्मीहरु बताउँछन् । हाल सम्म यस प्रदेशमा ४ लाख ९६ हजार ४ सय ६३ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । मकवानपुर जिल्लामा पनि कोरोना संक्रमितहरु बढ्न थालेका छन् ।

बागमती प्रदेशका उपत्यकाका जिल्लामा कोरोनाको जोखिम अली बढेको छ । कोरोनाका बिरामी उपत्यकाका जिल्लामा धेरै देखिएका छन् ।

काठमाडौंका २ सय ३० पत्रकार संक्रमित

काठमाडौं (रासस)/नेपाल पत्रकार महासैको प्रतिष्ठान प्रदेशमा कोरोनाबाट संक्रमित कुल पत्रकारको संख्या २ सय ३० पुगेको छ ।

कोरोना भाइरसको तेस्रो लहरबाट नेपाल पत्रकार महासंघका पूर्वअध्यक्षहरु तारानाथ दाहाल, शिव गाउँले, महेन्द्र विष्टका साथै प्रतिष्ठान प्रदेशबाट निर्वाचित दुई केन्द्रीय सदस्य, निवर्तमान अध्यक्षसहित प्रदेश समितिका पदाधिकारी, सदस्यका साथै एक दर्जन शाखाका अध्यक्षहरु संक्रमित भएका छन् ।

'तिमिसँग माया' सार्वजनिक

साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुरे गायक धिरेन लामाको 'तिमिसँग माया' बोलको म्यूजिक भिडियो सार्वजनिक भएको छ ।

बिहिबार बागमती प्रदेश स्वास्थ्यमन्त्री निमा लामाको प्रमुख आतिथ्यतामा भएको एक कार्यक्रममा उक्त म्यूजिक भिडियो सार्वजनिक गरिएको हो । गीतको शब्द लामा आफैले रचना गरेका हुन् भने उनैले संगित र स्वर भरेका हुन् ।

म्यूजिक भिडियोमा भने कलाकार पुष्प खड्का र स्मारिका ढकालले अभिनय गरेका छन् । म्यूजिक भिडियोलाई निकेश खड्काले निर्देशन गरेका हुन् ।

झण्डै एक दशकदेखि गीत संगितको क्षेत्रमा सक्रिय रहेका लामाले यसअघि पनि दर्जनौं गीतहरुमा स्वर भरेका छन् । प्रेम कहानी, लेकाली कान्छी, बिरानो संसारमलगायत गीतमा उनको स्वर रहेको छ ।

नवीकरण सम्बन्धि सूचना

उपरोक्त सम्बन्धमा यस संघ अन्तर्गत रहेका सम्पूर्ण निर्माण व्यवसायीहरुको आ.व. २०७८/०७९ को लागि इजाजत पत्र नवीकरण गर्ने कार्य यही माघ मसान्तसम्म रहेको हुनाले माघ मसान्तभित्र नवीकरण गरिबस्न् हुन अनुरोध गरिन्छ । अन्यथा सिफारिस नलिने तथा नवीकरण नगर्ने कम्पनीहरुलाई संघबाट दिइने सेवा सुविधाबाट वञ्चित गराउनुको साथै यस संघको विधानको आचारसहिता बमोजिमसमेत हुने जानकारी गराइन्छ ।

निर्माण व्यवसायी संघ मकवानपुर
हेटौंडा, मकवानपुर

प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
स्वास्थ्य कार्यालय मकवानपुर
वागमती प्रदेश, हेटौंडा

कोभिड १९ को संक्रमणबाट बचौ र बचाऔ

कोभिड १९ विरुद्ध क्वोप लगाई सकेका व्यक्तिहरुलाई गम्भीर बिरामी हुने जोखिम कम भएपनि संक्रमण हुने जोखिम रहिरहन्छ । लक्षण नदेखिएका व्यक्तिहरुले पनि अर्को व्यक्तिलाई संक्रमित बनाउन सक्ने भएकोले थाहै नपाई तपाईले आफ्ना प्रियजनहरु माझ संक्रमण फैलाईर हुन् भएको पनि हुनसक्छ । त्यसैले जहिले पनि नाक, मुख र चिउडो छोपिने गरि मास्क लगाई जीम्मेवार नागरिकको दायित्व पुरा गरौं ।

याद गरौं:
"कोभिड १९ विरुद्ध पूर्ण क्वोप लगाऔं आफू र आफ्नो परिवारलाई कोभिड १९ रोग लाग्नबाट बचाऔं"
"जनस्वास्थ्यको मापदण्डको कड़ा रुपमा पालना गरौं, गराऔं र कोभिडको संक्रमणबाट बचौं बचाऔं"



गोर्खाली ट्रेड एण्ड सप्लायर्स
हेटौंडा-४, रजतजयन्ती, ,फोन: ९८४१७०७१६६४, ९८५५०३१६६४

साझाकुरा
www.sajhakuranews.com
"तपाईं, हामी सबैको कुरा "
हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

खुल्यो ! खुल्यो
नयाँ व्यवस्थापनका साथ अमलेखगञ्जको जस्तै
लोकल कुखुरा लगायत
मासुको आइटमको मीठो स्वाद
अब होटल म्याक्समा
होटल MAX
हेटौंडा-३, बसामाडी, मो.नं. ९८४५०२५७२७

साझाकुरा राष्ट्रिय दैनिकका लागि **रविन न्यौपानेद्वारा** प्रकाशित, सम्पादक: **सरला खनाल**. कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन न.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना